नेपाली राजदूतावास
कुवेत
Embassy of Nepal
State of Kuwait

سـفـارة نيـبـال
دولة الكويت

# प्रेस विज्ञप्ति

वित्तीय सचेतना, विप्रेषण तथा सामाजिक सुरक्षा कोष लगायतका महत्वपूर्ण विषयहरुमा सचेतना अभिवृद्धिका लागि कुवेतस्थित वित्तीय संस्था तथा Money Transfer Agency हरुको भूमिका सम्बन्धमा **"वित्तीय सचेतना तथा सुरक्षित विप्रेषण आप्रवाह"** विषयक एक अन्तरकृया कार्यक्रम नेपाली राजदूतावास कुवेतको सभाहलमा मिति २०८१/१०/०५ का दिन आयोजना गरियो । उक्त कार्यक्रममा कुवेतका गैर आवासीय नेपाली संघ, नेपाल पत्रकार महासंघ वैदेशिक शाखाका प्रतिनिधिहरु नेपालमा Remittance मार्फत रकम पठाउने कुवेतस्थित अधिकांश वित्तीय क्षेत्रका संघसंस्थामा कार्यरत नेपाली प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमका सहभागीहरुलाई राजदूतावासले कार्यक्रम गर्नुको उद्देश्यको जानकारी गराउदै महामहिम राजदूत श्री घनश्याम लम्सालज्यूले कुवेतमा कार्यरत नेपाली श्रमिकहरूलाई वित्तीय सचेतनाको बारेमा जानकारी दिन आवश्यक रहेको र यस सम्बन्धमा विभिन्न बैकंका प्रतिनिधिहरु तथा Money Transfer Agency का प्रतिनिधिहरुको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । कुवेतमा रहेका नेपाली श्रमिकहरुलाई नेपाल सरकारले ल्याएको सामाजिक सुरक्षा अवधारणाका बारेमा थप प्रष्ट पार्न आवश्यक रहेको वताउदै सबै मिलेर यसको महत्वको बारेमा श्रमिक नेपालीहरुलाई सरल तरिकाले बुझाएर उक्त कार्यक्रममा समेट्नु पर्ने धारणा राख्नु भयो । उक्त कार्यक्रममा सहभागीहरुले वित्तीय सचेतना, नेपालमा विप्रेषण पठाउने तरिका यसको प्रवृति र संभावनाहरु तथा सामाजिक सुरक्षा कोष (SSF) लाई अझ प्रभावकारी बनाउन र श्रमिकको सहभागिता वृद्धी गर्ने सम्बन्धमा आ-आफ्ना धारणाहरु राख्नु भएको थियो । कार्यक्रममा सहभागीहरुले वित्तीय सचेतनाको विषयमा राजदूतावासबाट सम्बोधन भएकोमा समेत राजदूतावासलाई धन्यवाद दिनुभएको थियो । उक्त कार्यक्रममा कुवेतको वित्तीय क्षेत्रमा कार्यरत करिव २५ जना नेपाली प्रतिनिधिहरु तथा राजदूतावासका अन्य कूटनीतिक कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो ।

२०८१ माघ ०६ गते (१९ जनवरी , २०२५)

Jabriya, Block No. 8, Street No. 13,Building No. 514, Tel: 25321603/4/5, Fax:25321601/628
الجابرية قطعة 8، شارع رقم 13 ، مبنى رقم 514 تلفون: 25321603/4/5، فاكس:25321601/628
Email: eonkuwait@mofa.gov.np, Website: kw.nepalembassy.gov.np




वित्तीय सचेतना
तथा
विप्रेषण आप्रवाह


वित्तीय सचेतना
तथा
सुरक्षित विप्रेषण आप्रवाह